फोन नं. ४२११९९१, ४२००५९५
फ्याक्स: ९७७-१-४२११८७७
अडियो नोटिस बोर्ड नं.: १६१८०१४२००५९५
इमेल: info@moless.gov.np
वेबसाइट: www.moless.gov.np


नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

पत्र संख्याः-
चलानीः-

सिंहदरबार, काठमाडौं
नेपाल

## प्रेस विज्ञप्ती

मिति २०७८/१०/२३

केही पत्रपत्रिका र सामाजिक संजालमा आज मिति २०७८/१०/२३ गते वैदेशिक रोजगारमा संलग्न केही व्यावसायीलाई हवाला दिदै प्रकाशित "सिण्डिकेट कायम गरिदैछ" भन्ने समाचार प्रति श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

वर्तमान सरकार गठन भई मा.मन्त्री श्री कृष्ण कुमार श्रेष्ठ तथा सचिव श्री एकनारायण अर्याल यस मन्त्रालयमा वहाली पछि स्वदेशी तथा वैदेशिक रोजगारीको क्षेत्रमा सुधार गरी सुरक्षित, भरपर्दो, निष्पक्ष, पारदर्शी, मर्यादित र न्यायिक व्यवसायको रुपमा विकास गर्ने र कोही पनि निर्धन र निमुखा सर्वसाधारणहरु कसैबाट ठगिनु नपरोस भन्ने उद्देश्यबाट प्रेरित भै काम भैरहेको विषय सबैमा जानकारी नै छ । त्यसै सिलसिलामा मर्यादित, इमान्दारी, अनुशासित र पारदर्शी रुपमा काम गर्ने वैदेशिक रोजगार व्यवसाय र गैरकानूनी रुपमा ढाँट, छलबाट आफ्नो व्यवसाय गर्ने व्यवसायी बीचमा फरक हुनु स्वभाविकै हुने हुँदा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ५ एवं वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ३ तथा सो अनुसारको अनुसूची-१ मा व्यवस्था भए बमोजिम व्यवसाय गर्न स्वीकृत प्राप्त संस्थाहरु मध्ये कुन व्यवसायले कसरी काम गरेको छ भनी आधार खोजी गर्नु कुनै अनौठो कुरा नभई प्रचलित कानून बमोजिम वैदेशिक रोजगारसँग सम्बन्धित संस्था, कम्पनीसँग सल्लाह र छलफल गरी मूल्याङ्कन प्रक्रिया अगाडि बढाउन खोजिएको व्यहोरा जानकारी गराउन चाहन्छौं ।

हालैका दिनमा यस मन्त्रालयबाट वैदेशिक रोजगारलाई व्यवस्थित गर्ने सम्बन्धमा प्रविधिमैत्री श्रम प्रशासन सृजना गर्ने, श्रम स्वीकृतीको दिन र समय घटाउने, वैदेशिक रोजगार नीतिमा परिमार्जन गर्ने, विभिन्न मुलुकसँग श्रम सम्झौता नविकरण गर्ने, सीप विकास तालिम तथा प्रशिक्षणको नीतिमा परिमार्जन गर्ने, भिजिट भिसामा कामदार पठाउने प्रवृत्तिमा नियन्त्रण गर्ने जस्ता कार्यहरु अगाडि बढाइएको व्यहोरा यहाँहरुलाई जानकारी नै छ । त्यसैगरी वैदेशिक रोजगारीको वहानामा हुने ठगी नियन्त्रण गर्न मन्त्रालयमा मार्सल कार्यदल, वैदेशिक रोजगार विभागमा **Rapid Response Team** गठन, गुनासो सुन्ने कल सेन्टरको २४ सै घण्टा चल्ने गरी व्यवस्था गरिएको व्यहोरा यहाँलाई जानकारी नै छ ।

तसर्थ यसरी एउटा व्यवस्थित, कानून सम्मत, अनुशासित र पारदर्शी व्यवसाय सञ्चालन गर्ने वातावरण निमार्ण गर्न लागिपरिरहेको अवस्थामा केही पत्रिका र सामाजिक संजालका माध्यामबाट गलत मनसायबाट प्रेरित भई वैदेशिक रोजगार प्रणालीमा भ्रम सिर्जना गर्ने प्रवृत्तिमा नलागी यो व्यवसायलाई सबै मिलेर मर्यादित बनाउने प्रक्रियामा लाग्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय आव्हान गर्दछ ।

(डण्डुराज घिमिरे)
प्रवक्ता तथा सहसचिव